# माप्य दुधकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**खास्ताप, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

## प्रेस विज्ञप्ति

माप्यदुधकोशी गाउँपालिका संघियताको जगमा नागरिकलाई अधिकार सम्पन्न र पालिकालाई समृद्ध बनाउन निरन्तर लागिरहेको छ । जनताद्धारा निर्वाचित जनप्रतिनिधिले जिम्मेवार ढंगले काम गरिरहेको सर्वविधितै छ । यसबीचमा सामाजिक सञ्जाल मार्फत केही व्यक्तिहरुले माप्यदुधकोशी गाउँपालिका, सोलुखुम्बुलाई लक्षित गरी कपोकल्पित भ्रामक प्रचार गरेको बिषयले गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।

केही समयदेखि माप्यदुधकोशी गाउँपालिका तथा पालिका अध्यक्ष लक्षित विभिन्न अर्नगल, भ्रामक तथा अपुष्ट बिषय प्रचार गरेर भ्रम सिर्जना गर्न खोजिएको छ । कुनै पनि युवालाई गलत ढंगबाट बैदेशिक रोजगारीका लागि पठाउन पालिकाको संलग्नता नरहेको जानकारी गराउन चाहन्छु ।

यसरी राजनीतिक प्रतिसोध, व्यक्तिगत चरित्र हत्या गर्ने, गर्न प्रोत्साहित गर्ने तथा नियोजित ढंगबाट नै योजनाबद्ध अगाडी बढ्ने केहीलाई यस्ता प्रमाण बिनाको आक्षेप लगाई क्षणिक प्रचारको बाटो नअपनाउ आग्रह गर्दै यस बिषयमा सम्पूर्ण पालिकावासीहरुलाई स्पष्ट हुन अपिल गर्दछु । बिगतमा पनि यस पालिकाद्बारा भएका बिभिन्न राम्रा कामहरुलाई नकारात्मक ढंगबाट प्रचार गराउन लागि परेको अवगत गराउँदै यस्ता अनर्गल एवं भ्रामक प्रचारको पछाडी नलाग्न आग्रह गर्दछु ।

जननिर्वाचित संस्था र जनप्रतिनिधिका विरुद्ध भ्रम सिर्जना गर्ने कार्यमा संलग्नलाई कानूनी कारबाही गर्न सम्बन्धित निकायसँग माग गर्दछु ।

अन्तमाः माप्यदुधकोशी गाउँपालिका र यस पालिकाका जनप्रतिनिधिले कानुन र जिम्मेवारी भन्दा बाहिर कुनै काम नगर्ने पुनःविश्वास दिलाउँदछु ।

मितिः २०८१ मंशिर १४, शुक्रबार ।

बुद्धिकिरण राई
अध्यक्ष
माप्यदुधकोशी गाउँपालिका